# उर्लाबारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, उर्लाबारी, मोरङ

### फोहोरमैला व्यवस्थापन कार्यको लागि E-BID मार्फत बोलपत्र आव्हान सम्बन्धी सूचना ।

(सूचना प्रकाशित मिति २०८३/०४/२७)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्था र यस कार्यालयको मिति २०८३।०४।२५ गतेको निर्णयानुसार यस नगरक्षेत्र भित्रको फोहोरमैला व्यवस्थापन (संकलन र विर्सजन) गर्ने कार्यको ठेक्का व्यवस्थापन आ.व २०८३।०८४ का लागि विद्युतीय बोलपत्र **E-BID** को माध्यमबाट गराउनु पर्ने भएको हुँदा इजाजत प्राप्त बोलपत्र दाताहरुबाट रितपूर्वक बोलपत्र आव्हान गरिएको छ । विस्तृत जानकारीका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाईट www.bolpatra.gov.np/egp वा यस कार्यालयको वेबसाईट www.urlabarimun.gov.np मा हेर्नुहुन वा उर्लाबारी नगरपालिकाको कार्यालयमा सम्पर्क राख्न हुन समेत सूचित गरिन्छ ।

तपसिलः

| सि.नं. | ठे.नं. | ठेक्काको विवरण | अधिकतम ठेक्का अंक रकम, वार्षिक (मू.अ. कर बाहेक) | धरौटी रकम | बोलपत्र फाराम दस्तुर (रु.) | सूचना अवधी |
|---|---|---|---|---|---|---|
| १. | **URL-WASTE MGMT-01-083-84** | उर्लाबारी नगरपालिका क्षेत्रभित्रको फोहोरमैला व्यवस्थापन (संकलन र विर्सजन) | ५५,००,५००.० (अक्षरेपी पचपन्न लाख पाँच सय) | अधिकतम ठेक्का अंकको ३ प्रतिशत | ३०००.० | २१ दिन |

शर्तहरुः

१. उल्लेखित ठेक्का आ.व. २०८३।०८४ का लागि लागू हुनेछ ।

२. इच्छुक फर्म, कम्पनी, सप्लायर्सले नवीकरण भएको सम्बन्धित विषयको कारोबार गर्ने इजाजत वा फर्म दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व २०८१।०८२ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, स्थायी लेखा नम्बरको प्रतिलिपि सहित बोलपत्र फाराम दस्तुर वापत यस कार्यालयको कृषि विकास बैंक शाखा कार्यालय, उर्लाबारीमा रहेको यस कार्यालयको ग-१-१ स्थानीय तह आन्तरिक राजश्व खाता **URLABARI MUNICIPALITY GA 1.1 INTERNAL REVENUE** खाता नं. ०६०१७०११५०५९५१४८ मा नगद जम्मा गरेको बैंक भौचर सहित यो सूचना प्रकाशन भएको मितिले २२ (बाईस) औं दिनसम्म विद्युतीय माध्यमबाट सार्वजनिक खरिद अनुगमन कार्यालयको **www.bolpatra.gov.np/egp** बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ । तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको माथि उल्लेखित खाता नं. मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ । बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ ।

३. बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । जमानत वापतको रकम यस कार्यालयको ग-३ स्थानीय तह धरौटी खाता **URLABARI MUNICIPALITY GA 3.1 LOCAL LEVEL DEPOSIT A** खाता नं. ०६०१७०११५०५९५०२४ मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी १२० दिनको म्याद सहित जारी गरिएको बिड बण्ड पेश गर्नु पर्नेछ ।

४. खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी फर्मको नाम, ठेगाना, कामको विवरण, दरभाउपत्र विवरण प्रोपराइटरको नाम, ठेगाना, फोन नं., मोबाइल नं. समेत स्पष्ट खुलाई

प्रमुख प्रशासकीय अधिकृत

फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले २२ (बाईस) औं दिन दिनको १२ बजे भित्र **E-BID** मार्फत दर्ता गर्नु पर्नेछ ।

६. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइनेछैन । रितपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको १ बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि र निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ। साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्नेछैन । उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

७. ठेक्का कबोल गर्ने ठेकेदारले नगरपालिकाको आर्थिक ऐनमा उल्लेख भएको दररेट बमोजिम फोहोरमैला शुल्क संकलन गर्न सक्नेछ । यसरी संकलन गर्दा प्रयोग गर्ने रसिदहरु ठेकेदारले आफ्नै तर्फबाट छपाई सो रसिदहरु यस कार्यालयबाट अनिवार्य प्रमाणित गराई प्रयोग गर्नु पर्नेछ । प्रमाणित बाहेकका रसिदबाट कर उठाईएको उजुरी या जानकारी प्राप्त भएमा नियमानुसार कारवाही र उठाएको रकम बराबरको थप रकम जरीवाना गरिनेछ ।

८. एक व्यक्ति, फर्म वा कम्पनीको नाममा खरिद गरेको बोलपत्र फर्म अर्को ब्यक्ति, फर्म वा कम्पनीको नामबाट दाखिला गर्न पाइने छैन ।

९. बोलपत्रकर्ताले फोहोरमैला व्यवस्थापन गर्ने क्षेत्र (ल्याण्डफिल साईट/डम्पिङ साईट) जग्गाको व्यवस्थापन आफै गर्नुपर्नेछ ।

१०. फोहोरमैला संकलन केन्द्रसम्म जाने सडक मर्मत सम्भार गर्नुपर्ने भएमा नगरपालिकाले गर्नु पर्नेछ, तर फोहोरमैला विर्सजन केन्द्र भित्र आवश्यकता अनुसारको संरचना निर्माण एवम् मर्मत सम्भार प्रस्तावकले गर्नु पर्नेछ ।

११. फोहोरमैला व्यवस्थापन गर्ने प्रस्तावित जग्गाको पुर्जाको प्रतिलिपि र नक्साको प्रतिलिपि पेश गर्नुपर्नेछ । सो स्थानसम्म जाने सडक पूर्वाधार भएको हुनु पर्नेछ ।

१२. फोहोरमैला व्यवस्थापनको लागि न्युनतम ३ वटा ट्याक्टरको प्रयोग गर्नु पर्नेछ । यसरी फोहोरमैला व्यवस्थापन कार्यमा आवश्यक पर्ने ट्रयाक्टर, पुर्ने कार्यमा प्रयोग हुने मेशिन, सवारी चालक, कुचीकार, अन्य जनशक्ति प्रस्तावकले आफै व्यवस्थापन गर्नु पर्नेछ र उल्लेखित स्रोतसाधनहरुको मर्मत सम्भार, ईन्धन खर्च र पारिश्रमिक एवम् सुरक्षा र बीमा लगायतका व्यवस्थापन प्रस्तावकले गर्नुपर्नेछ ।

१३. फोहोरमैला संकलन तथा व्यवस्थापनका लागि बजारी क्षेत्रहरुमा दैनिक र अन्य आवासिय क्षेत्रहरुको हकमा हप्तामा कम्तिमा २ पटक अनिवार्यरुपमा फोहोरमैला संकलन गर्नुपर्नेछ । साथै साप्ताहिक हाटबजारस्थलमा हप्ताको दुई पटक जसमध्ये हाटबजार लागेको भोलिपल्ट अनिवार्य संकलन गर्नु पर्नेछ । बजारी क्षेत्रहरुमा सवारी आवगमनमा समस्या नपर्ने गरी बिहानको समयमा जति सक्दो चाँडो फोहोरमैला संकलन गरिसक्नु पर्नेछ साथै फोहोरलाई स्रोतमानै वर्गिकरण गरी व्यवस्थापन गर्नु पर्नेछ ।

१४. कुहिने र नकुहिने फोहोर स्रोतमानै वर्गिकरण गरी संकलन गर्ने कार्यलाई प्राथमिकता दिनुपर्नेछ । प्रस्तावकले संकलित फोहोरमैला मध्ये बिक्री गर्न योग्य वस्तु छुट्याई बिक्री वितरण गर्न सक्ने र सोको आम्दानी समेत उपयोग गर्न सक्नेछ ।

१५. नगरपालिकाले फोहोरमैला संकलनको लागि आवश्यक डस्टविनको व्यवस्था मिलाउनेछ ।

१६. व्यवस्थापन सम्बन्धी कुनै जनगुनासो आएमा व्यवस्थापनकर्तानै जिम्मेवार हुनेछ । फोहोरमैला व्यवस्थापन सम्बन्धी कुनै विवाद वा समस्या आएमा प्रस्तावक आफै वा नगरपालिकाको समन्वयमा समाधान गर्नु पर्नेछ ।

१७. रित नपुगेको र म्याद नाघि आएको बोलपत्र माथि कुनै कार्यवाही गरिने छैन ।

१८. ठेक्का सम्झौताको अवधि १ वर्षका लागि हुनेछ । ठेकेदारको कार्यसम्पादन सन्तोषजनक भएमा दुवै पक्षको सहमतिमा अर्को व्यवस्थापन नभएसम्मका लागि नगरपालिकाले सम्झौताको म्याद थप गरी फोहोरमैला व्यवस्थापनको कार्य गर्न/गराउन सक्नेछ ।

१९. कुनै शर्त सहितको बोलपत्र स्वीकार्य हुने छैन ।

२०. सूचनामा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानून अनुसार हुनेछ ।

२१. ठेक्का सम्बन्धमा कुनै किसिमको बिवाद भएमा यस कार्यालयको निर्णय अन्तिम निर्णय हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

उर्लाबारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोशी प्रदेश, उर्लाबारी, मोरङ

प्रमुख प्रशासकीय अधिकृत

## बोलपत्र फाराम

ठेक्का आ.व २०८३।०८४

बोलपत्र पेश गर्ने फर्मको नामः | बोलपत्र फाराम बिक्री मितिः

ठेगानाः | बोलपत्र फाराम बिक्री मूल्यः रु. ३०००।००

| सि.नं | ठे.नं. | ठेक्काको किसिम | कबोल गरेको रकम (भ्याट बाहेक) | | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | अंकमा | अक्षरमा | | |
| १. | **URL-WASTE MGMT-01-083-84** | उर्लाबारी नगरपालिका क्षेत्रभित्रको फोहोरमैला व्यवस्थापन (संकलन र विर्सजन) | | | | |

संलग्न ठेक्काका शर्तहरु पालना गरी उक्त कबोल गरेको ठेक्का अंक (मू.अ कर बाहेक) मा काम गर्न मञ्जुर छु भनि सही छाप गर्नेः-

प्रो. वा सञ्चालकको नाम, थरः

दस्तखतः | इमेल ठेगानाः

मितिः | मोबाइल नम्बरः

छापः

# उर्लाबारी नगरपालिकाको फोहोरमैला व्यवस्थापनका लागि विस्तृत कार्यक्षेत्रगत शर्त (**Terms of Reference**)

उर्लाबारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
उर्लाबारी, मोरङ
कोशी प्रदेश, नेपाल

## १) परिचय र पृष्ठभूमि

### १.१) उर्लाबारी नगरपालिकाको संक्षिप्त विवरण

मोरङ जिल्लाको पूर्वी तराई क्षेत्रमा अवस्थित उर्लाबारी नगरपालिका, ७१,००० को जनसंख्यासहित एक महत्त्वपूर्ण शहरी केन्द्रका रूपमा विकसित हुँदैछ । यस पालिकाको तीव्र शहरीकरण, बढ्दो जनघनत्व र विविध आर्थिक गतिविधिले फोहोरमैला व्यवस्थापनलाई एक जटिल चुनौतीका रूपमा उभ्याएको छ। नगरपालिकाको भौगोलिक अवस्थिति, विशेष गरी तराई क्षेत्रमा भएको हुनाले फोहोरको तत्काल व्यवस्थापन नहुँदा सार्वजनिक स्वास्थ्यमा गम्भीर जोखिम निम्त्याउन सक्छ। यस क्षेत्रमा उच्च तापक्रम र आर्द्रताका कारण फोहोरजन्य रोग र संक्रमण (जस्तैः टाइफाइड, झाडापखाला, श्वासप्रश्वास सम्बन्धी रोगहरू) को सम्भावना बढी हुन्छ, जसले तत्काल र वैज्ञानिक समाधानको आवश्यकतालाई जोड दिएको छ ।

नगरपालिकामा करिब ५,००० व्यापारिक प्रतिष्ठान, २२ वटा सामुदायिक र ४० वटा निजी विद्यालयहरू, एक प्रादेशिक अस्पताल, पाँचवटा निजी अस्पताल, र आठवटा आधारभूत स्वास्थ्य चौकीहरू रहेका छन्। यसका अतिरिक्त, २०० भन्दा बढी घरेलु तथा साना उद्योगहरू र विभिन्न फार्मेसी तथा ल्याबहरू पनि सञ्चालनमा छन्। यी सबै निकायहरूबाट फरक-फरक प्रकृतिका फोहोर (कुहिने, नकुहिने, र हानिकारक) उत्पादन हुन्छ, जसको एकीकृत र विशिष्ट व्यवस्थापनको खाँचो छ। यस ठेक्काको उद्देश्य यस जटिल र विविध फोहोरको वैज्ञानिक, दिगो र प्रभावकारी व्यवस्थापनका लागि एक सक्षम निजी सेवा प्रदायकलाई परिचालन गर्नु हो।

### १.२) हालको फोहोरमैला व्यवस्थापनको अवस्था र चुनौतीहरू

हालसम्म, उर्लाबारी नगरपालिकाले निजी सेवा प्रदायकसँगको साझेदारीमा फोहोर व्यवस्थापन गर्दै आएको थियो। यो व्यवस्थाअन्तर्गत डम्पिङ साइटको व्यवस्थापन खर्च नगरपालिकाले बेहोर्दै आएको थियो, जसले सेवा प्रदायकको लागतलाई केही हदसम्म कम गरेको थियो । यद्यपि, विगतको अनुभवले यस प्रणालीमा थुप्रै कमजोरी र आर्थिक दिगोपनाको अभाव देखाएको छ। पूर्व ठेकेदार कम्पनीले घाटाका कारण ठेक्का रद्द गर्नुपर्ने अवस्था आएको तथ्यले परम्परागत ठेक्का प्रणालीको वित्तीय संरचना दिगो नभएको प्रमाणित गर्छ ।

यो ठेक्का व्यवस्थापनको क्रममा देखिएको एक प्रमुख चुनौती भनेको नगरपालिकाको लागत अनुमान र

प्रमुख प्रशासकीय अधिकृत

वास्तविक खर्च बिचको ठूलो भिन्नता हो। नगरपालिकाले डम्पिङ साइट व्यवस्थापनका लागि वार्षिक रु २,५०,०००।०० को लागत अनुमान तयार गरिएको छ । फोहोरमैला व्यवस्थापन नियमावली, २०७० ले तोकेको मापदण्डअनुसार वैज्ञानिक ल्यान्डफिल साइट सञ्चालन गर्न ग्यास र दुर्गन्ध नियन्त्रण, नियमित माटोले पुर्ने र घेरा हाल्ने जस्ता कार्यहरू अनिवार्य छन् । यी कार्यहरूको वास्तविक लागत नगरपालिकाले अनुमान गरेको रकमभन्दा धेरै हुन्छ। यसबाट के स्पष्ट हुन्छ भने, हालको अनुमानले कानुनी मापदण्ड पूरा गर्न नगरपालिकालाई थप आर्थिक तथा व्यवस्थापकीय भार पर्ने सक्ने देखिन्छ । तसर्थ, यस कार्यक्षेत्रगत शर्तले ठेकेदारलाई कानुनी मापदण्डको पूर्ण पालना गर्ने गरी वैज्ञानिक ल्यान्डफिल सञ्चालनका लागि विस्तृत कार्ययोजना र फोहरमैला व्यवस्थापनको मापदण्ड. पालना गर्नुपर्ने अनिवार्य शर्तको रुपमा रहेको छ।

## १.३) कानुनी तथा नीतिगत आधार

यो ठेक्का नेपालको सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ (पछिल्ला सबै संशोधन सहित) बमोजिम खुला राष्ट्रिय बोलपत्र प्रक्रियाबाट व्यवस्थापन गरिनेछ । बोलपत्र पेस गर्ने कम्पनीले यी ऐन र नियमावलीका सबै प्रावधानहरूको पूर्ण पालना गर्नुपर्नेछ । यसका साथै, फोहोरमैला व्यवस्थापन ऐन, २०६८ र फोहोरमैला व्यवस्थापन नियमावली, २०७० ले तोकेका मापदण्डहरू, विशेष गरी फोहोरको स्रोतमै वर्गीकरण, हानिकारक फोहोरको व्यवस्थापन र वैज्ञानिक ल्यान्डफिल साइटको सञ्चालन सम्बन्धी प्रावधानहरूको पूर्ण पालना गर्नुपर्नेछ। यी कानुनी आधारहरूले ठेक्काको सम्पूर्ण प्रक्रियालाई पारदर्शी, जवाफदेही र दिगो बनाउन मद्दत गर्नेछन्।

## १.४) परियोजनाको उद्देश्य

यस परियोजनाको प्रमुख उद्देश्य फोहोरमैला व्यवस्थापनमा निजी क्षेत्रको प्राविधिक दक्षता र व्यवस्थापकीय प्रभावकारिताको उपयोग गर्दै उर्लाबारी नगरपालिकाका लागि एक एकीकृत र दिगो फोहोरमैला व्यवस्थापन प्रणालीको स्थापना गर्नु हो । अन्य महत्त्वपूर्ण उद्देश्यहरू निम्न अनुसार छन्:

- स्रोतमै फोहोरको वर्गीकरण र पुनःचक्रणलाई प्रोत्साहन गरी फोहोरलाई आर्थिक स्रोतका रूपमा उपयोग गर्नु र नगरपालिकाको वित्तीय घाटा कम गर्नु ।
- वैज्ञानिक र आधुनिक प्रविधिहरूको प्रयोग गरी वातावरणीय प्रदूषण र फोहोरजन्य रोगहरूको जोखिम न्यूनीकरण गर्नु, जसले स्वच्छ, समृद्ध र समतामुलक नगरपालिका निर्माणको दीर्घकालिन सोच निर्माणमा

समेत सहयोग पुर्याउँछ ।

•यस परियोजनले छिमेकी दमक नगरपालिकामा रहको फोहरमैला प्रशोधन केन्द्रमा बिक्री गरि फोहरलाइ मोहरमा रुपान्तरण गर्ने आधार स्थापित गर्दछ, जसले अन्य पालिकाहरूलाई पनि मार्गदर्शन गर्नेछ ।

•स्थानीय समुदायको सहभागिता र जनचेतना अभिवृद्धि गरी फोहोरमैला व्यवस्थापनलाई एक सामूहिक जिम्मेवारीका रूपमा विकास गर्नु ।

२ ) कार्यक्षेत्रको विस्तृत विवरण (Details Scope of work)

यस ठेक्काको कार्यक्षेत्रले फोहोरमैला व्यवस्थापनका सम्पूर्ण चरणहरूलाई समेटेको छ, जुन यसप्रकार छन्:

२.१) फोहोरमैला संकलन र ढुवानी

क) घर-घरबाट फोहोर संकलनः सेवा प्रदायकले उर्लाबारी नगरपालिकाका ९ वटै वडाका घरपरिवारबाट कुहिने र नकुहिने फोहोरलाई अलग-अलग संकलन गर्ने प्रणाली स्थापना गर्नुपर्नेछ। फोहोरमैला संकलन कार्य गर्दा देहाय बमोजिम नियमित संकलन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

- मुख्य बजार क्षेत्र (उर्लाबारी बजार, आइतबारे, मंगलबारे, नयाँ मंगलबारे र दुर्गापुरी बजार) मा दैनिक ।
- अन्य क्षेत्रमा हप्ताको २ पटक ।
- साप्ताहिक हाटबजार (शुक्रबारे बजार, मंगलबारे बजार, शनिश्चरे बजार, चन्दने बजार, पुरानो मंगलबारे बजार, हाटखोला, दुर्गापुरी बजार र आम्बारी बजार) मा हप्ताको २ पटक जसमध्ये बजार लागेको भोलिपल्ट अनिवार्य रुपमा संकलन गर्नु पर्नेछ ।

ख) व्यवसायीक तथा संस्थागत क्षेत्रबाट फोहोर संकलनः नगरपालिकामा रहेका करिब ५,००० व्यापारिक प्रतिष्ठान, शैक्षिक संस्थाहरू (२२ सामुदायिक र ४० निजी विद्यालय), स्वास्थ्य संस्थाहरू (१ प्रादेशिक, ८ आधारभूत, ५ निजी अस्पताल, फार्मेसी र ल्याबहरू) र २०० घरेलु उद्योगहरूबाट निस्कने फोहोरलाई व्यावसायिक प्रकृतिको आधारमा फरक शुल्क र संकलन प्रणालीमा व्यवस्थापन गर्नुपर्नेछ ।

ग)सडक सफाइ र सार्वजनिक क्षेत्रको व्यवस्थापनः बजार क्षेत्र, सडक, पार्क, र सार्वजनिक स्थलहरूको नियमित सरसफाइ गर्ने जिम्मेवारी पनि ठेकेदारको हुनेछ। यसमा आवश्यकताअनुसार दैनिक वा साप्ताहिक सफाइ तालिका समावेश गरिनुपर्दछ।

घ)स्रोतमै वर्गीकरणको कार्यान्वयनः यो ठेक्काको सफलताको लागि सबैभन्दा महत्त्वपूर्ण शर्त हो । सेवा

प्रदायकले कुहिने र नकुहिने फोहोरलाई स्रोतमै छुट्टाछुट्टै संकलन गर्ने प्रणाली कडाइका साथ लागू गर्नुपर्नेछ। यसका लागि घर-घरमा र व्यवसायिक स्थलहरूमा फोहोरको वर्गीकरण र व्यवस्थापनको महत्वबारे जानकारी र चेतना अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गर्नुपर्नेछ। फोहोरमैला नियमावली, २०७० ले स्रोतमै वर्गीकरण अनिवार्य गरेको छ र यसको पालना नगर्नु दण्डनीय छ।

२.२) फोहोरमैला प्रशोधन र अन्तिम विसर्जन

क) **कुहिने फोहोरको प्रशोधन**: नेपालका शहरी क्षेत्रमा उत्पादन हुने फोहोरको ठूलो हिस्सा (६६% भन्दा बढी) जैविक फोहोर हुने गरेको अध्ययनले देखाउँछ । यस फोहोरलाई कम्पोस्ट मल उत्पादन वा बायोग्यास प्लान्टजस्ता प्रविधिहरू प्रयोग गरी प्रशोधन गर्न सकिनेछ। यसले वातावरणीय प्रदूषण नियन्त्रणका साथै अतिरिक्त आम्दानीको स्रोत सिर्जना गर्नेछ।

ख) **नकुहिने फोहोरको पुनःचक्रण र व्यवस्थापन**: संकलन गरिएको प्लास्टिक (१०-१२%), कागज (९%), धातु, सिसा लगायतका पुनः प्रयोग योग्य सामग्रीहरूलाई पुनःचक्रणको लागि उपयुक्त व्यवस्थापन गर्नुपर्नेछ । पुनःचक्रण बाट प्राप्त हुने आम्दानीले ठेक्काको आर्थिक दिगोपनालाई टेवा पुर्‍याउनेछ ।

ग) **ल्यान्डफिल साइट व्यवस्थापन**: पुनःचक्रण गर्न नसकिने फोहोरलाई मात्र वैज्ञानिक रूपमा डिजाइन गरिएको वा नियन्त्रित डम्पिङ साइटमा अन्तिम विसर्जन गर्नुपर्नेछ। यो साइटको सञ्चालन फोहोरमैला नियमावली, २०७० बमोजिम ग्यास र लिचेट नियन्त्रण, नियमित माटोले पुर्ने र घेराबन्दी गर्ने लगायतका सबै मापदण्डहरू अनिवार्य रुपमा पूरा गरी गर्नुपर्नेछ ।

२.३) विशेष फोहोरको व्यवस्थापन

क) **स्वास्थ्य संस्थाबाट निस्कने फोहोर**: अस्पताल, क्लिनिक, ल्याबहरूबाट निस्कने जोखिमयुक्त फोहोरलाई फोहोरमैला व्यवस्थापन ऐन, २०६८ र नियमावली, २०७० बमोजिम अलग्गै संकलन, ढुवानी, प्रशोधन र विसर्जनको व्यवस्था गर्नुपर्नेछ। यस प्रकारका फोहोरलाई सामान्य फोहोरसँग मिसाउन पाइँदैन।

ख) **घरेलु तथा साना उद्योगबाट निस्कने फोहोर**: नगरपालिकामा रहेका घरेलु तथा साना उद्योगहरूबाट निस्कने फोहोरको प्रकृति (जस्तैः तेल, रसायन, धातुको कवाडी) अनुसार विशेष संकलन र प्रशोधनको

योजना प्रस्ताव गर्नुपर्नेछ।

ग) फोहोरमैला व्यवस्थापनको लागि आवश्यक जग्गाको व्यवस्था ठेकेदारले आफैं गर्नु पर्नेछ । जसको लागि लागत अनुमान तयार गर्दा नै डम्पिङ साइट/ल्यान्डफिल साइट व्यवस्थापन खर्च वापत रकम समावेश गरिएको छ ।

३) जनशक्ति र भौतिक साधनको आवश्यकता

३.१) जनशक्तिको विवरण र जिम्मेवारी

ठेक्का सञ्चालनका लागि ठेकेदारले नगरपालिकाको अनुमानित जनशक्ति संरचना (१ सुपरभाइजर, १ लेखापाल, २ कलेक्टर, ३ ड्राइभर, १ जेसीबी अपरेटर, ९ ज्यामी र ४ कुचिकार) अनुसारको वा सोभन्दा बढी दक्ष जनशक्ति परिचालन गर्नुपर्नेछ। सेवा प्रदायकले सबै फोहर संकलन कार्यमा प्रत्यक्ष संलग्न कामदारहरूलाई व्यक्तिगत सुरक्षा उपकरण उपलब्ध गराउनुका साथै नियमित स्वास्थ्य परीक्षण र बिमाको व्यवस्था गर्नुपर्नेछ।

३.२)सवारीसाधन र अन्य सामग्रीको उपयोग

नगरपालिकासँग हाल उपलब्ध २ वटा फोहोर संकलन गर्ने टयाक्टरहरूको प्रभावकारी उपयोग, सञ्चालन र मर्मत सम्भार गर्ने जिम्मेवारी ठेकेदारको हुनेछ। ठेकेदारले आवश्यकता अनुसार थप सवारीसाधन (जस्तैः कुहिने र नकुहिने फोहोरका लागि छुट्टाछुट्टै गाडी) व्यवस्था गर्न सक्नेछ । यस परियोजनाको सफलता फोहोर संकलन मार्गको दक्षता सम्बन्धी कार्ययोजना समेत पेश गर्नुपर्नेछ ।

४) आर्थिक तथा वित्तीय व्यवस्थापन

४.१) नगरपालिकाको लागत अनुमान र आय स्रोत

यस ठेक्काको वित्तीय संरचनाका लागि नगरपालिकाले देहाय बमोजिमको आय तथा व्यय विवरण तयार गरेको छ।

तालिका १: अनुमानित वार्षिक लागत र आय विवरण

| विवरण | रकम (रु.) |
|---|---|
| कुल लागत | |
| मानव संशाधन खर्च | ७६,५७,००० |
| मेसिन सञ्चालन तथा मर्मत खर्च | १५,८३,५०० |

| | |
|---|---|
| डम्पिङ साइट/ल्यान्डफिल साइट व्यवस्थापन खर्च | २,५०,००० |
| सरसफाइ सामग्री तथा अन्य प्रशासनिक खर्च | ३,००,००० |
| ट्रइक्टर भाडा ३ वटाको | ६,६०,००० |
| कुल जम्मा | १०४५०५०० |
| कुल आम्दानी | |
| फोहोरमैला शुल्कबाट आम्दानी | ४६,५०,००० |
| फोहोरको वर्गीकरणबाट बिक्री भएको आम्दानी | ३,००,००० |
| कुल जम्मा | ४९,५०,००० |
| नपुग खर्च रकम | ५५,००,५०० |

**४.२) आर्थिक दिगोपना र ठेकेदारको वित्तीय प्रस्ताव**

ठेकेदारको मुख्य जिम्मेवारी फोहोरमैला व्यवस्थापनको सम्पूर्ण लागत (अपुग रकम नगरपालिकाले बेहोर्ने) बेहोरेर सेवा सञ्चालन गर्नु हो। ठेक्काको आर्थिक दिगोपना कायम गर्न ठेकेदारले फोहोरबाट अतिरिक्त आम्दानी कसरी गर्ने भन्ने स्पष्ट योजना प्रस्तुत गर्नुपर्नेछ।

**५) कार्यसम्पादन मापन र अनुगमन**

ठेकेदारको कार्यसम्पादनलाई वस्तुनिष्ठ ढंगले मापन गर्न निम्न मुख्य कार्यसम्पादन सूचकहरू लागू गरिनेछ, जुन ठेक्का सम्झौताको अभिन्न अंग हुनेछ । साथै नगरपालिकाको आर्थिक ऐनमा समावेश भएका दरहरुको आधारमा मात्र शुल्क संकलन गरे नगरेको समेत अनुगमनको सूचकको रुपमा लिइनेछ ।

तालिका २: मुख्य कार्यसम्पादन सूचकहरू

| क्षेत्र | सूचक | लक्ष्य |
| --- | --- | --- |
| सेवा गुणस्तर | समयमा फोहोर संकलन दर | ९५% वा सोभन्दा बढी |
| | ग्राहक गुनासो दर | मासिक १% भन्दा कम |
| आर्थिक दक्षता | फोहोर वर्गिकरण दर | ५०% वा सोभन्दा बढी |
| | पुनःचक्रित सामग्रीबाट प्रति केजी आम्दानी | बजार दर अनुसार अधिकतम |
| परिचालन दक्षता | सवारीसाधन क्षमताको उपयोग दर | ८५-१००% |
| | प्रति घण्टा संकलन रोकिएको संख्या | न्यूनतम |
| सुरक्षा र अनुपालन | सुरक्षा दुर्घटना दर | शून्य |
| | कानुनी अनुपालन दर | १००% |

नगरपालिकाको वातावरण शाखा र एक विशेष अनुगमन समितिले मासिक र त्रैमासिक रूपमा यी क्पिस को आधारमा ठेकेदारको कार्यप्रगति अनुगमन गर्नेछ। ठेकेदारले न्युनतम त्रैमासिक रुपमा कार्यप्रगति रिपोर्ट बुझाउनुपर्नेछ। निशुल्क भनिएका सार्वजनिक संस्था तथा निकायमा भने शुल्क संकलन कार्य भए नभएको समेत अनुगमन गरिनेछ ।

## ६) ठेक्का बन्दोबस्तीका शर्तहरू

### ६.१)ठेक्काको अवधि र विस्तार

यो ठेक्का सुरुमा १ वर्षको अवधिका लागि हुनेछ। ठेकेदारको कार्यसम्पादन मूल्यांकनको आधारमा कार्य सन्तोषजनक पाइएमा र दुवै पक्षको सहमतिमा नवीकरण गर्न सकिनेछ।

### ६.२) ठेक्का सुरक्षा र जमानत

ठेक्काको सफल कार्यान्वयन सुनिश्चित गर्न सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ बमोजिम ठेकेदारबाट कार्यसम्पादन जमानत लिइनेछ।

### ६.३) भुक्तानी प्रणाली

ठेकेदारलाई मासिक सेवा शुल्क बापत उपभोक्ताहरूबाट सिधै फोहोरमैला शुल्क संकलन गर्ने अधिकार दिइनेछ। यसबाहेक, नगरपालिकाले वार्षिक बजेटबाट विनियोजित रकमबाट अपुग रकम अनुदानका रूपमा त्रैमासिक किस्तामा भुक्तानी गर्नेछ। तर, ठेकेदारले फोहोरबाट अतिरिक्त आम्दानीको लक्ष्य हासिल गर्दै गएमा र घाटापूर्ति रकम घटेमा सोहीअनुसार वार्षिक अनुदान रकम क्रमशः घट्दै जाने व्यवस्था गरिनेछ।

### ६.४) विवाद समाधान

ठेकेदार र नगरपालिकाबीच कुनै विवाद उत्पन्न भएमा, त्यसलाई सार्वजनिक खरिद ऐन, २०६३ को विवाद समाधान सम्बन्धी प्रावधानहरू अनुसार सौहार्दपूर्ण तरिकाले हल गरिनेछ।

### ६.५) ठेक्का रद्द गर्ने अवस्था

ठेकेदारले क्विपस मा लगातार तीन महिनासम्म तोकिएको मापदण्ड पूरा गर्न नसकेमा, फोहोरमैला व्यवस्थापन नियमावली, २०७० लगायत अन्य कानुनी प्रावधानहरूको गम्भीर उल्लंघन गरेमा, वा ठेक्काका सर्तहरू पालना नगरेमा नगरपालिकाले ठेक्का रद्द गर्न सक्नेछ।

## ७) वातावरणीय र सामाजिक जिम्मेवारी

ठेकेदारले फोहोरमैला व्यवस्थापनको क्रममा हुन सक्ने वातावरणीय तथा सामाजिक असरहरूलाई न्यूनीकरण गर्न निम्न कार्यहरू गर्नुपर्नेछः

•वातावरणीय प्रभाव न्यूनीकरणः फोहोर संकलन र प्रशोधनका क्रममा उत्पन्न हुने दुर्गन्ध र प्रदूषण नियन्त्रणका लागि वैज्ञानिक विधिहरू अपनाउनुपर्नेछ ।

•सार्वजनिक स्वास्थ्य र सरसफाइः नगर क्षेत्रका फोहरमैला संकलन तथा सफाइ सुनिश्चित गर्नुपर्नेछ, जसले फोहोरजन्य रोगहरूको रोकथाममा मद्दत पुग्नेछ।

•समुदायको संलग्नता र जनचेतनाः समुदायसँग निरन्तर समन्वय गरी स्रोतमै वर्गीकरणको महत्वबारे जनचेतना जगाउनुपर्नेछ। यस कार्यमा स्थानीय समुदाय, विद्यालय, र व्यापारिक संस्थाहरूसँगको सहकार्य आवश्यक हुनेछ । यस कार्यक्षेत्रगत शर्तको सफलता केवल फोहोर संकलन गर्ने साधारण सेवामा मात्र सीमित नभई, यो नगरपालिकाको फोहोर व्यवस्थापन प्रणालीलाई नै दिगो र वैज्ञानिक बनाउने प्रयास हो। यसका लागि निजी क्षेत्र, सरकारी निकाय र समुदायबीचको प्रभावकारी सहकार्य अनिवार्य छ ।

## ८) संलग्न अनुसूची

- अनुसूची १: आर्थिक वर्ष २०८३/०८४ को फोहोरमैला शुल्क दर

  (विस्तृत शुल्क दरको तालिका यहाँ संलग्न छ ।

- अनुसूची २: अनुमानित वार्षिक लागत र आय विवरण